
# नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक



संघीय संसद सचिवालय
संसद भवन
सिंहदरबार।

## उद्देश्य र कारण

नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ को उपदफा (१) मा केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ बाट संशोधन भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत राष्ट्रिय अनुसन्धान विभाग रहने गरी व्यवस्था भएको। प्रस्तुत संशोधन हुनु अघि राष्ट्रिय अनुसन्धान विभाग नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत नै रहँदै आएको। सूचनाको सङ्कलन तथा विश्लेषण सहितका राष्ट्रिय अनुसन्धान विभागबाट सम्पादन हुने कार्यको लागि नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गतका अन्य निकायहरुसमेत सँग समन्वय भई सूचनाको विश्लेषण हुँदै नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा संशोधन भई राष्ट्रिय अनुसन्धान विभाग गृह मन्त्रालय अन्तर्गत रहने गरी व्यवस्था गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम अध्यादेश जारी भई नेपाल विशेष सेवा ऐनमा संशोधन भएकोमा नेपालको आन्तरिक तथा बाह्य सूचनाको विश्लेषण गर्न राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत नै रहने गरी नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ मा संशोधन भएको।

नेपालको सुरक्षा कायम राख्न नेपाल विशेष सेवाको गठन र तत्सम्बन्धी सेवा शर्त सम्बन्धमा व्यवस्था गर्न जारी भएको नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ को उपदफा (१) मा अध्यादेशबाट कायम भएको "नेपाल सरकार, गृह मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत" राष्ट्रिय अनुसन्धान विभागको स्थापना हुनेछ भन्ने व्यवस्था कायम राख्न आवश्यक भएकोले नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक आवश्यक भएको।

**(वालेन्द्र शाह)**
**प्रधानमन्त्री**

## आर्थिक टिप्पणी

नेपाल विशेष सेवा ऐन, २०४२ को दफा ४ को उपदफा (१) मा रहेको "नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत" राष्ट्रिय अनुसन्धान विभाग रहने व्यवस्था कायम राख्न आवश्यक भई नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ मा व्यवस्था भएकोले सोही बमोजिम नेपाल विशेष सेवा ऐन, २०४२ मा कायम राख्न आवश्यक भएकोले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत राष्ट्रिय अनुसन्धान विभाग रहने व्यवस्था कायम हुँदा नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने अवस्था छैन।

**(वालेन्द्र शाह)**
**प्रधानमन्त्री**

## "नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक" को व्याख्यात्मक टिप्पणी

| दफा | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २ | **कार्यालयको स्थापना** | नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।६।९ को निर्णयबाट नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय अनुसन्धान विभाग रहने गरी संशोधन भएको, सो संशोधनलाई विशेष सेवा ऐनमा मिलाउन नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम अध्यादेश जारी भई राष्ट्रिय सभा र प्रतिनिधि सभाबाट पारित भएको। यसै बीच मिति २०८३।०१।३० गते नेपाल सरकार, मन्त्रिपरिषद्बाट नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ जारी भई राष्ट्रिय अनुसन्धान विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने व्यवस्था भएको। अतः संघीय संसदका दुवै सदनबाट पारित भएको उक्त अध्यादेश बमोजिम नै प्रतिस्थापन विधेयक पेश गरेमा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ सँग प्रतिकूल हुने देखिएकोले नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२ को प्रतिस्थापन विधेयक संघीय संसदमा पेश नगरिएकोले सो अध्यादेश निष्कृय भएको मितिबाट त्यसरी संशोधन हुनुभन्दा अघि कायम रहेको साविकको व्यवस्था पूनः कायम गर्न आवश्यक भएको। |

**(वालेन्द्र शाह)**
**प्रधानमन्त्री**

## नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक" को प्रत्यायोजित व्यवस्थापन टिप्पणी

| दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाईने कानूनको प्रकृति र सिमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|
| २ | राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत राख्नुपर्ने भएकोले। | छैन। | राष्ट्रिय अनुसन्धान विभागको काम कारवाही थप प्रभावकारी हुने। |

(वालेन्द्र शाह)
प्रधानमन्त्री

# नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी विधेयक

प्रस्तावना : नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२ ले नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गरेकोमा संशोधन गर्नु भन्दा अघि कायम रहेको साविकको व्यवस्था जगाउन वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउने सम्बन्धी ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **साविकको व्यवस्था जागेको मानिने** : नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२ ले नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गरेकोमा त्यसरी संशोधन गर्नुभन्दा अघि कायम रहेको सो ऐनको व्यवस्था सो अध्यादेश निस्क्रिय भएको मितिदेखि नै जागेको मानिनेछ।

**(वालेन्द्र शाह)**
**प्रधानमन्त्री**

## नेपाल विशेष सेवा ऐन, २०४२ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण

| दफा | प्रस्तावित व्यवस्था | संशोधनको पुष्ट्याईं |
|---|---|---|
| २ | २. **संशोधन वा खारेज भएको ऐनको व्यवस्था जागेको मानिनेः** नेपालको संविधानको धारा ११४ अनुसार संवत् २०८२ साल मंसिर ५ गते जारी भई यो ऐन प्रारम्भ हुनु भन्दा अघि निष्कृय भएको नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२ ले गरेको संशोधनका सम्बन्धमा सो अध्यादेश निष्कृय भएको मितिबाट त्यसरी संशोधन हुनुभन्दा अघि कायम रहेको व्यवस्था स्वतः जागेको मानिनेछ। | नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।६।९ को निर्णयबाट नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय अनुसन्धान विभाग रहने गरी संशोधन भएको, सो संशोधनलाई विशेष सेवा ऐनमा मिलाउन नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम अध्यादेश जारी भई राष्ट्रिय सभा र प्रतिनिधि सभाबाट पारित भएको। यसै बीच मिति २०८३।०१।३० गते नेपाल सरकार मन्त्रिपरिषद्बाट नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ जारी भई राष्ट्रिय अनुसन्धान विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने व्यवस्था भएको। अतः संघीय संसदका दुवै सदनबाट पारित भएको उक्त अध्यादेश बमोजिम नै प्रतिस्थापन विधेयक पेश गरेमा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ सँग प्रतिकूल हुने देखिएकोले नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२ को प्रतिस्थापन विधेयक संघीय संसदमा पेश नगरिएकोले सो अध्यादेश निष्कृय भएको मितिबाट त्यसरी संशोधन हुनुभन्दा अघि कायम रहेको साविकको व्यवस्था पूनः कायम गर्न आवश्यक भएको। |

**(वालेन्द्र शाह)**
**प्रधानमन्त्री**